# नेपाली कवितामा भाषिक समानान्तरता

तुलसीप्रसाद गौतम, विद्यावारिधि
सहप्राध्यापक : नेपाली
त्रिभुवन विश्वविद्यालय, त्रिचन्द्र कलेज काठमाडौं
gautamtulsi1@gmail.com
**DOI:** https://doi.org/10.3126/ss.v2i2.69310

## लेखसार

*प्रस्तुत लेख नेपाली कवितामा समानान्तरतासम्बन्धी अध्ययनमा केन्द्रित छ । यो अनुसन्धान गुणात्मक प्रकृतिको भएकाले सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसमा विश्लेषणका लागि छनोट गरिएका कवितालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने समानान्तरताको सिद्धान्तसँग सम्बन्धित पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा नेपाली कवितामा समानान्तरताको प्रयोग के कसरी भएको छ भन्ने कुराको अध्ययन गर्दा निगेल फेबले परिभाषित गरेको संरचनात्मक, शास्त्रीय र आर्थी समानान्तरताका आधारमा गरिएको छ । कविता विश्लेषण गर्दा यसमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । यस अध्ययनबाट समानान्तरताको प्रयोगले नेपाली कवितालाई लयात्मक, गेयात्मक, साङ्गीतिक, आलङ्कारिक र काव्यिक बनाएको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी :** अग्रभूमीकरण, चयन, पुनरावृत्ति, विचलन, समानान्तरता

## विषयपरिचय

समानान्तरता शैलीविज्ञानबाट विकसित अङ्ग्रेजी ‘पाराललिज्म’ शब्दको नेपाली रूपान्तर हो । यसले कवितामा प्रयुक्त ध्वनि/वर्ण, पद/पदावली, वाक्य र अर्थको पुनरावृत्तिलाई बुझाउँछ । समानान्तरता वा पुनरावृत्ति कविताको विशेषता नै हो । संस्कृत काव्यशास्त्रमा समानान्तरतालाई अनुप्रास योजना र वर्णविन्यासवक्रताका रूपमा व्याख्या गरिएको पाइन्छ । कवितामा विचलनले अनियमितता ल्याउँछ भने समानान्तरताले अतिरिक्त नियमिततालाई जनाउँछ । अतिरिक्त नियमितताकै कारण सामान्यबाट बेग्लिएर कविताको भाषा विशिष्ट, आलङ्कारिक र काव्यिक बन्न पुग्छ । कविता मुख्य गरी बद्धलय र मुक्तलयमा रचिन्छ । बद्धलय वार्णिक, मात्रिक र लोकछन्दमा संरचित हुन्छ भने गद्यकवितामा प्रयुक्त हुने आन्तरिक लय मुक्तलय हो । वर्णगत वा अक्षरगत नियमितता वार्णिक वा लोकछन्द हो भने मात्रागत नियमितता मात्रिक छन्दबाट सिर्जित लय हो । वर्णमात्रिक छन्दमा चाहिँ लयको वर्णगत र मात्रागत दुवै

थरीको नियमितता हुन्छ। गद्यलयका कवितामा भने लयको नियमितता हुँदैन तर वर्णका समान एकाइहरूको नियमित पुनरावृत्ति हुने हुनाले आन्तरिक लयको सिर्जना हुन्छ। छन्दोबद्ध कवितामा लयको सिर्जना प्रस्ट देखिने गरी बाह्य रूपमा हुन्छ भने गद्यलयात्मक कवितामा आन्तरिक रूपमा हुन्छ। त्यसैले गद्यात्मक कवितालाई मुक्तलय पनि भनिन्छ। गद्यात्मक कवितामा लय उत्पादन गर्ने विशिष्ट वाक्यढाँचाको विन्यास हुनुलाई राम्रो मानिन्छ। लयको आवृत्ति वार्णिक छन्दमा र लोकलयमा जति नियमित र स्पष्ट हुन्छ त्यति मुक्तछन्दमा हुँदैन तर गद्यकवितामा लय नै हुँदैन भन्ने चाहिँ होइन। नेपाली कविताका बारेमा विभिन्न दृष्टिकोणबाट अध्ययन भए तापनि समानान्तरताको सिद्धान्तका आधारबाट त्यति भएको पाइँदैन। त्यसैले नेपाली कविका गद्यलय र पद्यलय दुवै खालका कवितामा समानान्तरताको खोजी गर्नु यसको मूल समस्या हो भने उक्त समस्याको समाधान यसको उद्देश्य हो।

## शोधविधि

यस शोधकार्यमा नेपाली कवितामा समानान्तरताको अध्ययन गरिएको हुँदा सङ्कलित कविताका नमुनाहरूलाई विश्लेषणको आधार सामग्रीका रूपमा र समानान्तरताका बारेमा लेखिएका शोधपत्र, समालोचनात्मक पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। विश्लेषणका लागि छनोट गरिएका कविताहरूको सङ्कलन पुस्तकालयीय पद्धतिद्वारा गरिएको छ। प्रस्तुत अध्ययन गुणात्मक प्रवृत्तिको भएको हुनाले यसमा सङ्कलित सामग्रीको अर्थापनका लागि मुख्यतः वर्णनात्मक र पाठविश्लेषण विधि अँगालिएको छ। कविताको अध्ययन गर्दा विभिन्न पद्धतिमा गर्ने चलन भए तापनि यसमा निगेल फेबले परिभाषित गरेको संरचनात्मक, शास्त्रीय र आर्थी समानान्तरताका आधारमा गरिएको छ।

## विषय विश्लेषण

### समानान्तरताको सैद्धान्तिक परिचय

समानान्तरता काव्यभाषाको अध्ययन गर्ने शैलीविज्ञानबाट विकसित भाषिक प्रविधि हो। शैलीविज्ञानमा चयन, अग्रभूमीकरण (विचलन र समानान्तरता) र प्रयुक्ति विविधताका कारण सामान्य भाषा अग्रभूमीकृत भई काव्यभाषाका रूपमा रूपान्तरित हुन्छ भन्ने मान्यता रहेको छ। जियोफ्रे एन. लिचका अनुसार समान किसिमका भाषिक एकाइहरूको पुनरुक्ति नै समानान्तरता हो (लिच, १९६९, पृ. ६२)। लिचको भनाइअनुसार भाषाको न्यूनतम एकाइ वर्णदेखि लिएर शब्द, पदसमूह, उपवाक्य, वाक्य र अर्थस्तरसम्मका भाषिक पुनरावृत्तिलाई समानान्तरता भनिन्छ। निगेल फेबले समानान्तरतालाई मुख्य रूपमा संरचनात्मक, शास्त्रीय र आर्थी गरी तीन प्रकारमा विभाजन गरेका छन् (फेब, सन् १९७७, पृ. १५९)। उनका अनुसार संरचनागत समानान्तरतामा वर्णगत, रूपगत र वाक्यगत समानान्तरता पर्दछन् भने शास्त्रीय समानान्तरतामा काव्यशास्त्रहरूमा विधान गरिएका पङ्क्ति, गति र यतिको

सङ्गठनात्मक ढाँचाहरू पर्दछन् । त्यसैगरी आर्थी समानान्तरता भनेको अर्थका तहमा हुने समानान्तरता हो । यो पर्यायवाचिता र विपरीतार्थीका रूपमा देखा पर्छ । आर्थी समानान्तरता पनि पद, उपवाक्य र वाक्यका तहमा देखा पर्छ । भोलानाथ तिवारीले समानान्तरतालाई भाषिक एकाइका आधारमा ध्वनीय समानान्तरता, शब्दीय समानान्तरता, रूपीय समानान्तरता, वाक्यांशीय समानान्तरता, अर्थीय समानान्तरता र प्रोक्ति (सङ्कथन) स्तरीय समानान्तरता गरी ६ प्रकारमा विभाजन गरेका छन् (तिवारी, १९७७, पृ. ९०) । वासुदेव त्रिपाठीका अनुसार शैलीको रूपात्मक वैशिष्ट्यले भाषिक संरचनालाई साहित्यिक संरचनामा परिणत वा रूपान्तरित तुल्याउँछ । भाषिक संरचना स्वयं नै बहुघटकीय श्रेणीक्रममा आबद्ध प्रतीक व्यवस्था हो र यसअन्तर्गत संध्वनि वा लेखिमहरू र संरूप-रूप (शब्द-पद-रूपार्थ) हुँदै वाक्य व्याकरणअन्तर्गतका विभिन्न भाषिक घटकहरूसमेत पर्दछन् । शैलीवैज्ञानिक दृष्टिले यी भाषाशैलीगत घटक हुन् (त्रिपाठी, २०४९, पृ. ५१९) । मोहनराज शर्माका अनुसार भाषा प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् । त्यसैले समानान्तरता भनेको बढी नियमितताको पालन हो । छन्द, अलङ्कार आदिअन्तर्गत गरिने अथवा अन्य प्रकारका पनि पुनरावृत्तिलाई समानान्तरता भनिन्छ (शर्मा, २०४८, पृ. १०) । खगेन्द्र लुइँटेलका अनुसार कविताको भाषा र शैली दुवै अन्य साहित्यिक विधाका तुलनामा विशिष्ट खालका हुन्छन् । यिनलाई विशिष्टता प्रदान गर्ने चयन, अग्रभूमीकरण (विचलन र समानान्तरता) र प्रयुक्ति विविधता आदिले महत्त्वपूर्ण भूमिका खेल्छन् (लुइटेल, २०६२, पृ. २००) ।

समानान्तरतासम्बन्धी उपर्युक्त परिभाषा र सैद्धान्तिक व्याख्या हेर्दा के देखिन्छ भने समानान्तरताको वैशिष्ट्यले भाषाको सामान्य संरचनालाई साहित्यिक संरचनामा रूपान्तरित गर्दछ । भाषिक संरचना स्वयं नै प्रतीक व्यवस्था हो र यसअन्तर्गत वर्ण, शब्द, पद, रूपार्थ हुँदै वाक्य व्याकरणका विभिन्न भाषिक घटकहरू पर्दछन् । शैलीशास्त्रको मूल आधार व्याकरण हो भने शैलीविज्ञानको मूल आधार संरचनात्मक भाषाविज्ञान हो । शैलीविज्ञानले साहित्यिक रचनालाई भाषिक कला र कृति विशेषलाई भाषिक प्रतीक ठान्दछ । कवितामा मुख्य गरी कथ्य र अभिव्यक्ति दुई पक्ष हुन्छन् । कथ्य पक्ष अर्थ वा आन्तरिक पक्ष हो भने अभिव्यक्ति पक्ष रूप अर्थात् बाह्य पक्ष हो । समानान्तरताको सिद्धान्त ध्वनि, शब्द, वाक्य र अर्थको पुनरुक्तिसँग सम्बन्धित भएका कारण शैलीविज्ञानले कवितामा प्रयुक्त अग्रभूमीकृत भाषाको अध्ययनबाट अर्थ वा आन्तरिक पक्षमा प्रवेश गर्दछ । यस शोधमा नेपाली कवितामा प्रयुक्त संरचनात्मक, शास्त्रीय र आर्थी समानान्तरता केलाइएको छ ।

## नेपाली कवितामा समानान्तरताको प्रयोग

कवितामा समानान्तरताको खोजी गर्दा यसमा नेपाली कविका कविताको अध्ययन तथा विश्लेषणबाट गरिएको छ । यसमा लेखनाथ पौडेलको ऋतुविचार, समदर्शी काइँलाको म अमेजन उकालो बग्छु, हाङ्युग अज्ञातको तमोर हरियो बग्छु, मोहनहिमांशु थापाको देशको छहरामा हुन्छु, कुन्ता शर्माको पोथी बास्नु हुँदैन, पुष्प

सुब्बा थाम्सुहाङको त्यो अन्धकारभित्र, भानुभक्त आचार्यको रामायण र प्रश्नोत्तर माला, मोतीराम भट्टको मलाई हिजोसम्म क्या क्या छकाए, धरणीधर कोइरालाको साहित्य सुधा, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, भिखारी, भरतराज पन्तको मेघ बिजुली विवाह, भूपी शेरचनको मैनबत्तीको शिखा आदि कवितालाई विश्लेष्य सामग्रीका रूपमा छनोट गरिएको छ ।

### *संरचनात्मक समानान्तरता*

संरचनात्मक समानान्तरता भनेको वर्ण, रूप र वाक्यको संरचना हो । यसअन्तर्गत वर्णगत, रूपगत र वाक्यगत संरचनाको समानान्तरता पर्दछन्, जस्तै-

**वर्णगत समानान्तरता -** शब्दभन्दा तल्लो एकाइ वर्णका तहमा देखा पर्ने समानान्तरतालाई वर्णगत समानान्तरता भनिन्छ । वर्णगत समानान्तरता अनुप्रास, यमक जस्ता शब्दालङ्कारहरूमा देखा पर्छ, जस्तै-

**थ .** न सर्दी छ न गर्मी छ, न वर्षा छ न घाम छ ।
अपूर्व यो शरत्काल सबैको सुख-धाम छ ।
(लेखनाथ पौडेल, शरदविचार–२१)

लेखनाथ पौडेलको ऋतुविचारअन्तर्गत शरद विचारको एक्काइसौँ श्लोकमा वर्णित उपर्युक्त कवितांशमा 'न' वर्ण र घाम तथा धाम शब्दको पुनरावृत्ति भएको छ । यस कवितांशका अन्त्यमा आएका घाम र धाम शब्दमा 'आम' ध्वनिको पुनरावृत्ति भई अन्त्यानुप्रास देखा परेको छ भने कविताको सुरु र मध्यमा 'न' वर्णको पुनरावृत्तिले सर्दी, गर्मी, वर्षा र घाम शब्दले दिने अर्थको एकरूपता कायम गरी कविताको भाषालाई लयात्मक, गेयात्मक र साङ्गीतिक गुण प्रदान गरेको छ । वर्ण र शब्दगत समानान्तरताको यस्तै अर्को उदाहरण यसप्रकार छ -

आ. म गुफाबाट निक्लेर
निक्लेर देवीथानबाट पनि
3D भर्चुअल वर्ल्डमा पुग्नु
बुद्धिको भयङ्कर बतास
सिरिरिरिरिरिरिरि
रिरिरिरिरिरिरिरि
रिरिरिरिरिरि
रिरिरिरिरिरि
पृथ्वीभित्र-बाहिर फनफनी घुम्छु
न डाँडाले छेक्नु सक्छ ?

न काँडाले छेक्नु सक्छ ?

न देशले छेक्नु सक्छ ?

न महादेशले छेक्नु सक्छ ?

(समदर्शी काइँला, म अमेजन उकालो बग्छु)

समदर्शी काइँलाको यस कवितांशमा **रि** र **न** वर्ण तथा **डाँडा**, **छेक्नु**, **सक्छ** शब्दको पुनरावृत्ति भएको छ। यसरी वर्ण र शब्दको पुनरावृत्तिले कवितालाई आनुप्रासिक र लयात्मक बनाई कोमल र मिठासपूर्ण बनाएको छ। यसमा **सिरिरिरिरिरिरिरि** शब्दले बतास चल्ने प्रक्रिया प्रस्तुत गरी त्यही बतास चलेझैँ पृथ्वीको सबैतिर घुम्ने रहर भएको भाव व्यक्त गरिएको छ भने **न** वर्णको पुनरुक्तिले डाँडा, काँडा, देश र महादेशले मान्छेको बुद्धिलाई छेक्न नसक्ने बताउँदै वस्तु र ठाउँको विकल्प प्रस्तुत गरिएको छ। यसमा **गुफा** शब्दले प्राचीन काल, **देवीथान** शब्दले मध्यकाल र **3D भर्चुअल वर्ल्ड** पदावलीले आधुनिक काल र प्रविधिको विकासलाई सङ्केत गरेको छ।

**रूपगत समानान्तरता -** शब्दका तहमा पाइने समानान्तरतालाई रूपतात्त्विक वा शाब्दिक समानान्तरता भनिन्छ (लुइटेल, २०६२, पृ. १०३)। यसमा उही शब्दको पुनरावृत्ति हुन्छ, जस्तै-

(अ) घरी झार, घरी पात, घरी वृक्ष, घरी लता।

भस्म पारी डढेलाले उडायो वनको पता।

(लेखनाथ पौडेल, ग्रीष्म विचार–७६)

लेखनाथ पौडेलको उपर्युक्त कवितांशमा **घरी** शब्दको पुनरावृत्ति भएको छ। यसले बारम्बार अथवा पटक पटक भन्ने अर्थ दिएको छ। यसमा ग्रीष्म ऋतुका समयमा वनमा डढेलो लागेको हुनाले पटक पटक गरी झार, पात, वृक्ष र लता डढाई सबै भस्म बनाएको दृश्य लयात्मक र प्रभावकारी रूपमा व्यक्त गरेको पाइन्छ। रूपगत समानान्तरताको अर्को उदाहरण यसप्रकार छ

(आ) कि

| | |
|---|---|
| मेरो | उसको |
| कान दुइटा | कान दुइटा |
| नाक दुइटा | नाक दुइटा |
| आँखा दुइटा | आँखा दुइटा |
| मुख एउटा | मुख एउटा |
| हात दुइटा | हात दुइटा |

मेरो जहाँ जहाँ छन् उसका पनि त्यहीँ त्यहीँ छन्।

यस अर्थले म जस्तै मान्छेको अगाडि

मैले न्यायका निम्ति उभिदिनु छ

उफ् !

मैले उभिदिनु छ

झुकेर

कठघरामा ।

(हाङ्युग अज्ञात, तमोर हरियो बग्छु)

हाङ्युग अज्ञातको यस कवितांशमा 'कान, नाक, आँखा, मुख, हात, दुइटा, जहाँ, त्यहीँ, मैले, उभिदिनु, छ' आदि शब्दको पुनरावृत्ति भएको छ । यी शब्दको पुनरावृत्तिले 'म' र 'ऊ' पात्रका बिचको फरक देखाएको छ । यसमा 'म' पात्र शासित, शोषित र सीमान्तकृत व्यक्ति हो भने 'ऊ' पात्र शासक वर्गको प्रतिनिधि हो । जैविक दृष्टिकोणले दुई मान्छेका बिचमा सबै कुराको समानता हुँदाहुँदै पनि एउटा मान्छेले चाहिँ जहिल्यै पनि शासित भएर झुक्नुपर्ने र अर्कोले चाहिँ झुकाउनुपर्ने जुन अवस्था समाजमा विद्यमान छ, त्यसको यथार्थ वर्णन यिनै भाषिक पुनरावृत्तिबाट गर्न सकिएको छ ।

**वाक्यगत समानान्तरता -** पदसमूह, उपवाक्य, वाक्यका तहमा देखिने समानान्तरतालाई वाक्यगत समानान्तरता भनिन्छ (लुइटेल, २०६२, पृ. १००) । यसबाट पनि लयको निर्माण हुन्छ, जस्तै–

(अ) म आफ्नो देशको छहरामा हुन्छु

म आफ्नो देशको पहरामा हुन्छु

मलाई यौवनको जस्तो मुस्कान चाहिन्छ

मलाई जीवनको जस्तो बिहान चाहिन्छ

(मोहनहिमांशु थापा, देशको छहरामा हुन्छु)

मोहन हिमांशु थापाको यस कवितामा 'म आफ्नो देशको छहरामा हुन्छु' र 'म आफ्नो देशको पहरामा हुन्छु', मलाई यौवनको जस्तो मुस्कान चाहिन्छ' र 'मलाई जीवनको जस्तो बिहान चाहिन्छ' आदि वाक्यगत पुनरावृत्ति भएको छ । यी वाक्यहरूमा 'छहरामा हुन्छु–पहरामा हुन्छु' र 'यौवनको जस्तो मुस्कान र जीवनको जस्तो बिहान' आदि पदावलीहरूमा व्यक्त भावमा समानता पाइन्छ । यसरी वाक्यगत पुनरावृत्तिले कविको भाव वा विचारलाई बढी जोड दिएर बुलन्द आवाजमा अभिव्यक्त गर्न सक्षम भएको पाइन्छ । वाक्यका तहमा देखा पर्ने भावको पुनरावृत्ति कुन्ता शर्माको कवितामा यसप्रकार भएको पाइन्छ :

(आ) टेक गर्नु हुँदैन

थुनछेक गर्नु हुँदैन

मालिक मालिक रट्नुपर्छ

यन्त्रजस्तो भएर खट्नुपर्छ

नयाँ परिवेशमा टेक्नु हुँदैन
परिवर्तनको पाठ घोक्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

(कुन्ता शर्मा, पोथी बास्नु हुँदैन)

कुन्ता शर्माको यस कवितांशमा वाक्यमा व्यक्त भावहरूको पुनरावृत्ति भएको पाइन्छ । टेक गर्नु हुँदैन- थुनछेक गर्नु हुँदैन, मालिक मालिक रट्नुपर्छ– यन्त्रजस्तो भएर खट्नुपर्छ, नयाँ परिवेशमा टेक्नु हुँदैन- परिवर्तनको पाठ घोक्नु हुँदैन जस्ता वाक्यमा भावको साम्यता पाइन्छ । यी वाक्यमा नारीले टेक गर्नु हुँदैन पुरुषलाई थुनछेक गर्नु हुँदैन । नारी दास जस्तो र पुरुष मालिक जस्तो हुनुपर्छ । काम गर्दा यन्त्र जस्तो खट्नुपर्छ । नयाँ परिवेशमा टेकेर परिवर्तनको कुरा गर्नु हुँदैन भन्ने भाव व्यक्त गरिएको छ । वाक्यमा प्रयुक्त शब्दहरू भिन्न भए तापनि कविको भाव भने एउटै छ । भावलाई जोड दिन वाक्यका ढाँचामा एकरूपता गरिएको छ । भावको पुनरावृत्ति पुष्प सुब्बा थाम्सुहाङको कवितामा हेरौँ :

(इ) र याम फेरिँदा अर्कोपल्ट
त्यहाँ असिना पानी सबै परिसकेको हुन्छ ।
त्यहाँ सुखा खडेरी पनि परिसकेको हुन्छ ।
त्यहाँ बिजुली चम्कनु र बज्र पर्नु पनि सकिएको हुन्छ ।
त्यहाँ चाडपर्वहरू पनि सबै सकिएको हुन्छ ।

(पुष्प सुब्बा थाम्सुहाङ - त्यो अन्धकारभित्र)

यस कवितांशमा समान भावका वाक्यको पुनरावृत्ति गरिएको छ । यसमा ‘त्यहाँ’ शब्दले ‘त्यो अन्धकारभित्र’ भन्ने अर्थ बुझाएको छ र यसले संसाररूपी मानव समाजलाई सङ्केत गर्नुका साथै त्यो अन्धकारभित्र असिना पानी सबै परिसकेको हुन्छ र सुखा खडेरी पनि परिसकेको हुन्छ । त्यसैगरी बिजुली चम्कनु र बज्र पर्नु पनि सकिएको हुन्छ र चाडपर्वहरू पनि सबै सकिएको हुन्छ भनेर मानव जीवनको विसङ्गत चित्रण गरिएको छ । यसरी समान भावका वाक्यको पुनरावृत्तिले कविको भाव वा विचारलाई सशक्त र प्रभावकारी बनाएको छ ।

***शास्त्रीय समानान्तरता***

काव्यशास्त्रहरूमा विधान गरिएका पङ्क्ति, गति र यतिको सङ्गठनात्मक ढाँचालाई शास्त्रीय समानान्तरता भनिन्छ । कवितामा प्रयोग हुने छन्द यस्तै खाले सङ्गठनात्मक सिद्धान्त हो (लुइटेल, २०६२, पृ. १०६) । संस्कृत काव्यशास्त्रमा पाइने छन्दविधान र पश्चिमी साहित्यमा पाइने मिटर, राइम, स्टान्जा, सनेट, ब्ल्याङ्क भर्स आदि शास्त्रीय समानान्तरताका नियमहरू हुन्, जस्तै–

(अ) ज्यूँदै म-याको भनि नाम् त कस्को ।
उद्यम विना बित्तछ काल जस्को ।

अमृत-सरी कुन् छ भन्या ? निराशा।
पाशा कउन् हुन् ? ममतै छ पाशा।

(भानुभक्त आचार्य-प्रश्नोत्तरमाला–९)

भानुभक्तको प्रस्तुत कविता उपजाति छन्दमा लेखिएको छ। यसमा इन्द्रवज्रा र उपेन्द्रवज्राको संयुक्त रूप हुन्छ। यसका प्रत्येक पङ्क्तिहरू एघार अक्षरका हुन्छन्। यसमा नरमा छ–घरमा छ, कस्को–जस्को, कह्याको–रह्याको जस्ता आनुप्रासिक योजनाले कवितालाई लयात्मक बनाएको छ।

(आ) म भन्दै थिएँ हे हरी होश राखे।
हरे हेर मोती हराएर आए॥
(मोतीराम भट्ट, मलाई हिजोसम्म क्या क्या छकाए)

यो गजल मोतीराम भट्टको सिर्जना हो। यो संस्कृत भुजङ्गप्रयात छन्दसँग मिल्ने फारसी छन्दमा लेखिएको छ। यसको अक्षर संरचना एघार अक्षरको पङ्क्ति योजनामा रहेको छ। समान अक्षर संरचना र आनुप्रासिक योजनाले यस गजललाई लयात्मक, साङ्गीतिक र गेयात्मक बनाएको छ।

(इ) पढ पूर्व र पश्चिम, उत्तरका
अरू दक्षिणका कविका कविता
कविका कृति वा कविता सरिता
बिच हेलिनुपर्छ ल है अब ता।
(धरणीधर कोइराला-साहित्य सुधा)

धरणीधर कोइरालाको यो कविता तोटक छन्दमा रचिएको छ। यसको प्रत्येक पङ्क्तिमा चार सगण हुन्छन्। यो जगती जातिको एक समवृत्त छन्द हो। यसको अक्षर संरचना बाह्र अक्षरको हुन्छ। यसको तीन र छ अक्षरमा विश्राम हुन्छ। यसलाई तीव्र गतिमा गाइन्छ। यस छन्दमा उत्साह सिर्जना गर्ने र चेतना जागृत गर्ने खालका कविता बढी सुहाउँछन्।

(ई) कालो बादलबाट खसेको
अन्धकारमा भित्र बसेको
ईश्वर हो कि भिखारी ?
बोल्दछ ईश्वर हृदय घुसेको
घर घर आँगन चारी।
(लक्ष्मीप्रसाद देवकोटा- भिखारी)

लक्ष्मीप्रसाद देवकोटाको यो कविता मात्रा छन्दमा लेखिएको छ। शास्त्रीय छन्दअन्तर्गत वार्णिक र मात्रिक छन्द पर्दछन्। वार्णिक छन्दमा वर्ण र अक्षरको गणना गरिन्छ भने मात्रा छन्दमा मात्राको गणना गरिन्छ। मात्रा छन्दमा

मात्राको मात्र गणना गरिने हुनाले अक्षरको एकरूपता हुँदैन । मात्रागत एकरूपता भए पनि अक्षर सङ्ख्यामा फरक आउन सक्छ । यो सोह्र अक्षरको मात्रामा संरचित छ ।

(उ) मयूरीको बोली श्रुति-पथ हुँदा पद्धति भयो
हवाले हल्लेको वन जति सबै मण्डप भयो
थिए शैल-श्रेणीउपर कदलीका दल पनि
भए शोभादायी रुचिर चँदुवा नै सरि बनी ।
(भरतराज पन्त- मेघ बिजुली विवाह)

भरतराज पन्तको यो कविता शिखरिणी छन्दमा लेखिएको छ । यसमा (य म न स भ) र अन्त्यमा लघु र गुरु गण हुन्छन् । यसको प्रत्येक छ अक्षरमा विश्राम हुन्छ । अक्षर संरचनाको एकरूपताकै कारण यसमा लयको सिर्जना भएको छ ।

(ऊ) हे नाथ् ! बिन्ति म गर्दछू हजुरमा राम् हुन् जगत्का पती ।
राम् देखी अरु कोहि छैन जनका संसार तर्न्या गती ॥
जस्मा भक्ति ग-यो भन्या अति गभिर् संसार सागर् महाँ ।
नौका झैँ तरि जान्छ झट्पट गरी तेस् नर्कि देहै तहाँ ॥
(भानुभक्त आचार्य- भानुभक्तको रामायण-२५)

यो कविता उन्नाइस अक्षरको एक पाउ, चार पाउको एक श्लोक हुने शार्दूलविक्रीडित छन्दमा रचिएको छ । यसमा (म स ज स त त गु) गण हुन्छन् । यसको छ र बाह्र अक्षरमा विश्राम हुन्छ । अक्षर रखाइको एकरूपता र उन्नाइस अक्षरको समान पङ्क्ति योजनाले कवितालाई लयात्मक र साङ्गीतिक बनाएको छ ।

(ए) अनार दाना दाँतका लहर खोलेर हाँसन ।
तिमीले हाँसे म हाँक्न सक्छु इन्द्रको आसन ।
(लक्ष्मीप्रसाद देवकोटा- मुनामदन)

प्रस्तुत कवितांश लक्ष्मीप्रसाद देवकोटाको मुनामदनबाट उद्धृत गरिएका हो । यो नेपाली झ्याउरे लयमा रचित छ । अक्षर सङ्ख्याको एकरूपता (सोह्र अक्षर) र अनुप्रास योजनाले यस कवितालाई लयात्मक र गेयात्ममक बनाएको प्रस्ट देखिन्छ ।

(ऐ) एकातिर धप्प धप्प बलिरहेछ अनुहार
अर्कोतिर तप्प तप्प ढलिरहेछ अश्रुधार
मानौँ यो कुनै विधवाको त्यो क्षणको अनुहार हो
जब कि उसलाई आएछ याद एक साथ
सुहागराग र स्वर्गीय पतिको

शुभ्र शान्त र स्निग्ध शिखा मैनबत्तीको !

(भूपी शेरचन- मैनबत्तीको शिखा)

भूपी शेरचनको यो कविता मुक्तलयमा रचित छ । यसमा एकातिर-अर्कोतिर, धप्प-धप्प, तप्प-तप्प, बलिरहेछ-ढलिरहेछ, अनुहार-अश्रुधार आदि शब्दमा पुनरावृत्ति भएको छ । वर्ण र अक्षरको समान रखाइ नभए पनि यसप्रकारको भाषिक पुनरावृत्तिले कवितालाई लयात्मक बनाएको छ ।

***आर्थी समानान्तरता***

अर्थका तहमा हुने समानान्तरतालाई आर्थी समानान्तरता भनिन्छ (लुइटेल, २०६२, पृ. १०५) । यो पर्यायवाचिता र विपरीतार्थीका रूपमा देखा पर्छ । यो पनि पद, उपवाक्य र वाक्यका तहमा देखिन्छ । वाक्यका तहमा देखिने आर्थी समानान्तरताको एक उदाहरण यसप्रकार छ :

कोही चहकिला पुष्प वासना नभये पनि ।

मूर्ख आडम्बरी जस्तै रूपका छन् बडा धनी ॥

(लेखनाथ पौडेल, वसन्त-विचार–२)

लेखनाथ पौडेलको यस कवितांशमा अगिल्लो वाक्य र पछिल्लो वाक्यको भाव वा अर्थमा समानता झल्कन्छ । यसमा जसरी मूर्ख र आडम्बरी व्यक्ति आफूमा कुनै महत्त्वपूर्ण गुण नभए तापनि रूपका धनी भएकै कारण घमण्ड गर्छन्, त्यसरी नै वसन्त ऋतुमा पलाएका केही पुष्पहरू आफूमा वासना नभए तापनि चम्किलोपनका कारण रूपका धनी देखिन्छन् भन्ने कुरा अर्थको समानान्तरताद्वारा प्रस्तुत गरिएको छ । वासना नभएका फूल र गुण नभएका मूर्ख/आडम्बरी मानिसका बिचको समानता अर्थका तहको समानान्तरता हो ।

## निष्कर्ष

समानान्तरता भनेको भाषिक पुनरावृत्ति हो । कविताका सन्दर्भमा समानान्तरता भन्नाले वर्ण, अक्षर, पद-पदावली, वाक्य र अर्थका तहको पुनरावृत्तिलाई बुझ्नुपर्छ । नेपाली कविका कवितामा भाषिक पुनरावृत्तिका उपर्युक्त प्रयोग र उदाहरण हेर्दा समानान्तरतालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गर्न सकिने देखिन्छ । आन्तरिक समानान्तरता भन्नाले भाव वा अर्थका तहको पुनरावृत्तिलाई बुझाउँछ भने बाह्य समानान्तरताले वर्ण, रूप, पद, पदावली, उपवाक्य र वाक्यका तहमा देखिने पुनरावृत्तिलाई बुझाउँछ । भाषिक पुनरावृत्तिकै कारण कवितामा लयको सिर्जना हुन्छ र यसबाट कविताको भाषा लयात्मक, सङ्गीतात्मक र गेयात्मक बन्न गई विशिष्ट र अग्रभूमीकृत बन्छ । यस अध्ययनबाट समानान्तरताको प्रयोगले नेपाली कवितालाई लयात्मक, गेयात्मक, साङ्गीतिक, आलङ्कारिक र काव्यिक बनाएको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भग्रन्थसूची

आचार्य, भानुभक्त (२०५२), *भानुभक्तको रामायण,* (चौथो संस्क.), साझा प्रकाशन ।

-------------- (२०५२), 'प्रश्नोत्तरमाला', *भानुभक्तको रामायण*, साझा प्रकाशन ।

काइँला, समदर्शी (२०६८), *म अमेजन उकालो बग्छु*, ओरिएन्टल पब्लिकेसन ।

कोइराला, धरणीधर (२०४९), 'साहित्य सुधा', *नेपाली कविता भाग–१*, साझा प्रकाशन ।

तिवारी, भोलानाथ (सन् १९७७), *शैली विज्ञान, शब्दकार गली डकौतान*, तुर्कमान गेट ।

त्रिपाठी, वासुदेव (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग–२,* साझा प्रकाशन ।

थाम्सुहाङ, पुष्प सुब्बा (२०५५), 'त्यो अन्धकारभित्र', *समकालीन नेपाली कविता*, सम्पा. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५४), *मुनामदन*, (तेइसौँ संस्क.), साझा प्रकाशन ।

------------- (२०६८), *भिखारी*, (उन्नाइसौँ संस्क.), साझा प्रकाशन ।

पन्त, भरतराज (२०४९), 'मेघ बिजुली विवाह', *नेपाली कविता भाग–१*, साझा प्रकाशन ।

पौडेल, लेखनाथ (२०४६), *ऋतुविचार*, (सत्रौँ संस्क.), साझा प्रकाशन ।

फेब, निगेल (सन् १९७७), *लिङ्गुइस्टिक्स एन्ड लिटरेचर,* ब्ल्याकवेल पब्लिसर्स ।

भट्ट, मोतीराम (२०४९), 'मलाई हिजोसम्म क्या क्या छकाए', *नेपाली कविता भाग–१,* साझा प्रकाशन ।

लिच, जी. एन. (१९६९), *अ लिङ्गुइस्टिक गाइड टु इङ्लिस पोइट्री*, लङम्यान ।

लुइटेल, खगेन्द्रप्रसाद (२२०६२). *कविताको संरचनात्मक विश्लेषण*, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, कुन्ता (२०५५), 'पोथी बास्नु हुँदैन', *समकालीन नेपाली कविता,* सम्पा. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शेरचन, भूपी (२०४१), 'मैनबत्तीको शिखा', *घुम्ने मेचमाथि अन्धो मान्छे*, (चौथो संस्क.), साझा प्रकाशन ।